
# स्वतः प्रकाशन

**(Proactive Disclosure)**

(सूचनाको हक सम्बन्धि ऐन २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावलीको नियम ३ बजोजिम २०८२ साल श्रावण देखि २०८२ साल पौष मसान्त सम्मको कार्य प्रगति सार्वजानिक गरिएको विवरण)




लुम्बिनी प्रदेश सरकार
कृषि,भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

**पाल्पा**

# अनुसूची – १

१. सूचना सार्वजानीक गर्ने निकायको नामः कृषि ज्ञान केन्द्र, पाल्पा

२. सूचना सार्वजानिक गरेको अवधिः २०८२ साल श्रावण महिनादेखि २०८२ साल पौष मसान्त सम्मको विवरण।

३. कृषि ज्ञान केन्द्र, पाल्पाको स्वरुप तथा कार्य प्रकृतिः

कृषि बिकास बहु-आयामिक क्षेत्र भएको हुनाले कृषि बिकास सम्बन्धी कार्यक्रमहरु संचालन तथा प्राविधिक सेवाटेवाका लागि कुनै एक अधिकृत वा प्राविधिक कर्मचारी मात्रले उपलब्ध गराउने सेवा प्रर्याप्त हुनै सक्दैन। यो परिस्थितिमा कृषि बिकासका लागि समन्वय गर्न र बिशेषज्ञ सेवा प्रदान गर्न जिल्ला तहमा विभिन्न विषय विशेषज्ञहरु रहेको कम्तीमा एउटा सरकारी कार्यालय रहनु पर्ने अवस्था, देशको पुनः संरचना सहितको संघिय गणतान्त्रीक व्यवस्था पश्चात् महशुस भएका आवश्यकताहरुलाई सम्बोधन गर्न प्रदेश सरकार अन्तर्गत रहने गरी विषय बिशेषज्ञहरुको टिमको कार्यालयको रुपमा नेपाल सरकारको निर्णय अनुसार देशमा जम्मा ५१ वटा कृषि ज्ञान केन्द्रहरु रहने गरी व्यवस्था भएको हो। यी मध्ये कुनै कृषि ज्ञान केन्द्रले एक वटा जिल्ला तथा कुनैले दुई जिल्लामा सेवा दिईरहेको छन्। पाल्पा जिल्लाको सन्दर्भमा २०७५ साल भाद्र २४ गतेको परिपत्र अनुसार २०७५ भाद्र २६ गतेका दिनलुम्बिनी प्रदेशको पाल्पा जिल्लाबाट प्रतिनिधित्व गर्नुहुने प्रदेश सभा–सदस्य माननिय श्री नारायण प्रसाद आचार्यज्यूबाट उद्घाटन भएपश्चात् कृषि ज्ञान केन्द्र, पाल्पाको स्थापना भएको हो ।

कृषि ज्ञान केन्दमा विषय विशेषज्ञहरुको टिम रहने हुँदा जिल्लास्तरमा आइपर्ने कृषकहरुका प्रविधिजन्य र कृषि उत्पादन तथा व्यवस्थापनसंग सम्बन्धित समस्याहरुको प्राविधिक समाधान उपलब्ध गराउने लगायत स्थानीय तहमा रहेका कृषि प्राविधिकहरुलाई समय समयमा उन्नत तथा आधुनिक प्रविधिहरु सम्बन्धी तालिम तथा क्षमता अभिबृद्धिका कार्यक्रमहरु संचालन गर्ने गराउने जिम्मेवारी पनि ज्ञान केन्द्रले बहन गर्नु पर्ने हुन्छ। साविक जिल्ला कृषि विकास कार्यालयहरुमा प्राविधिक उप सचिवको नेतृत्वमा विभिन्न विषय विज्ञहरु जस्तैः कृषि प्रसार, बागवानी, बालीविकास, बाली संरक्षण, कृषि बजार/कषि अर्थ विज्ञ जस्ता बहुविज्ञहरुको टोली मार्फत सेवा प्रवाह हुने गरेकोमा राज्य पुनः संरचना हुँदा संघीय शासन प्रणाली अन्तर्गत कृषि विकास कार्यक्रमहरु, कृषि प्रसार सेवाका क्रियाकलापहरु मूलतः स्थानीय सरकारको कार्यक्षेत्र अन्तर्गत रहेको तर स्थानीय तहमा कृषि सेवातर्फ निकै कम कर्मचारीहरु दरबन्दी र कार्यरत रहेकाले पनि प्रदेश मातहत रहने ज्ञानकेन्द्रको जिल्लाको कृषि विकासमा अहम र महत्वपूर्ण भूमिका रहेको छ।

संवैधानिक व्यवस्था अनुसार प्रदेश सरकारलाई कृषि विकास सम्बन्धी धेरै महत्वपूर्ण जिम्मेवारीहरु रहेको देखिन्छ। एकातर्फ, कृषकहरूको लागि प्रविधि, स्रोतकेन्द्र विकास र विस्तार एवं कृषि प्रसार सेवा सम्मको पहुँच वृद्धि, स्थानीयस्तरमा बीउ विजन, जैविक विविधता एवं स्थानीय बालीनालीहरुको उचित संरक्षण, संबर्धन, विकास र उपयोगमा बृद्धि गर्नु पर्ने देखिन्छ भने त्यसैगरी कृषि क्षेत्रमा हुने लगानी लक्षित वर्गसम्म पुर्याई स्थानीय संभाव्यता र तुलनात्मक लाभका कृषिजन्य वस्तुहरूको पहिचान गरी उत्पादन, वितरण, आयात एवं निर्यातलाई लागत–प्रभावी बनाउनु, गुणस्तर एवं स्वच्छता नियमन कार्य प्रभावकारी तुल्याउँदै कृषिजन्य वस्तुहरूको प्रतिस्प्रर्धात्मक क्षमता बृद्धि गर्ने, गुणस्तरीय प्रमाणित बीउ, मलखाद, कीटनाशक तथा साना र मझौला स्तरका कृषियन्त्रको सुलभता, कृषि सामग्रीको समयानुकूल आपूर्ति बढाउनुपर्ने देखिन्छ । तथापि, कृषि विकासका कार्यक्रमहरु कृषकका सामिप्यमा रहेर कार्यान्वयन गर्नाका लागि प्रत्येक नगर वा गाँउपालिकामा कृषि प्राविधिकहरु रहने व्यवस्था भए तापनि संख्यात्मक हिसाबले मात्र नभई सम्बन्धित विषय विज्ञताको हिसाबले पनि सिमित मात्रामा हाल रहेका कृषि प्राविधिकहरुको उपस्थिती ज्यादै न्यून हो । यस परिदृष्यमा कृषि विकास सम्बन्धि योजना तर्जुमा,

मनिशा पौडेल
कृषि प्रसार अधिकृत

अमिता पाण्डे
कार्यालय प्रमुख

विभिन्न रोग किराहरुको व्यवस्थापन, स्थान विशेष हावापानी, सुहाउँदो प्रविधिहरु सम्बन्धमा कृषकहरुलाई जानकारी लगायत माटोको अवस्था, रोग किरा पहिचान, रासायनिक र प्राङ्गारिक मल र बीउको गुणस्तर परीक्षण लगायतका प्राविधिक र प्रयोगशाला सेवा समेत उपलब्ध गराउनका लागि स्थानीय तहमा रहेका कृषि विकास शाखाहरु पर्याप्त हुदैनन्। स्थानीय तहका यस्ता कृषि विकास शाखाहरुलाई आवश्यक प्राविधिक पृष्ठपोषण उपलब्ध गराउनुका साथै अन्तर स्थानीय निकायहरु समेतलाई समेट्ने गरि बजार संरचनाहरु निर्माण, परियोजनाहरु सन्चालनका लागि कृषि ज्ञान केन्द्रहरु आवश्यक रहेका हुन्। त्यसैगरी, कृषकहरुका अनुसरण योग्य प्रविधिहरुको परीक्षण र प्रदर्शनका साथै स्थानीय आवश्यकता अनुसार बीउ र बेर्ना,मौरी र च्याउको श्रोतहरु व्यवस्थापनको जिम्मेवारी समेत ज्ञानकेन्द्रले बहन गर्नुपर्ने हुन्छ। यसरी यस कृषि ज्ञान केन्द्र, पाल्पालाई तिनै तहका सरकारहरु बिचको सेतुका साथै कृषि सम्बन्धी अन्य निकायहरुसँग समेत सहकार्य र समन्वयात्मक रुपमा कृषि विकासका कार्यक्रमहरु संचालनको महत्वपूर्ण जिम्मेवारी रहेको छ।

**४. कृषि ज्ञान केन्द्र, पाल्पाको कार्य विवरण**

कृषि ज्ञान केन्द्र पाल्पाको स्वीकृत कार्यविवरण निम्न अनुसार रहेको छ।

- स्थानिय समस्यामा आधारित स-साना अध्ययन परिक्षण गर्ने,
- माटो तथा मल, बाली संरक्षण र बीउविजन परिक्षण सम्वन्धी सामान्य प्रयोगशाला सेवा,
- नविनतम कृषि प्रविधि प्रसारको लागि आवश्यक कृषि प्रसार शैक्षिक क्रियाकलाप सन्चालन गर्ने,
- प्रदेश र स्थानीयतहमा कार्यरत प्राविधिक तथा व्यवसायिक कृषक र व्यवसायीहरुको लागि कृषिसँग सम्वन्धित विशिष्टीकृत ज्ञान सीप प्रदान गर्ने तथा एडभान्स तालिम संचालन गर्ने,
- स्थानियतहको क्षमताले नभ्याउने प्रकृतिका विशेषज्ञ प्राविधिक सेवा टेवा
- प्रदेश अन्तर्गत सन्चालन हुने संघिय कृषि विकास कार्यक्रम, आयोजनाको समन्वय तथा सम्पर्क विन्दुको रुपमा कार्य गर्ने
- प्रदेश सरकार मार्फत सन्चालन हुने कृषि विकास कार्यक्रम, आयोजना संचालनमा प्रदेश सरकारलाई सहयोग गर्ने
- कृषि आर्थिक महत्वका स्थानीय कृषि जैविक विविधताको पहिचान, संरक्षण र उपयोग गर्न
- नेपाल कृषि अनुसन्धान परिषदको बाह्य अनुसन्धान स्थलको रुपमा कार्य गर्ने,
- वीउ विजनको लागि स्रोतकेन्द्रको रुपमाकार्य गर्ने,
- स्थानीय तहमा कार्यरत जनशक्तिको क्षमता विकास सम्वन्धि कार्य,
- बहु स्थानीयतह समेटी कार्यान्वयन हुने संघीय आयोजनाहरुको संचालन र नियन्त्रण,
- प्रधानमन्त्री कृषिआधुनिकीकरण परियोजना अन्तर्गत कमाण्डक्षेत्र भित्रका पकेट, ब्लक, जोन तथा सुपर जोनहरुको लागि प्राविधिक सेवा टेवा,
- एग्रो इकोलोजिकल जोन अनुसारको प्राथमिकता प्राप्त बाली तथा वस्तु विकासको योजना,मूल्य अभिवृद्धि श्रृंखला विकास तथा कार्यान्वयनको समन्वय
- कृषि स्नातक तथा जे.टी.ए कोर्ष अध्ययनरत विधार्थीहरुका लागि इन्टर्नसिप कार्यक्रम समन्वय गर्ने,
- स्थानीय तहका कृषि विकासका इकाईहरुबाट कृषि सम्वन्धि तथ्याँक सँकलन तथा अध्यावधिक गरिसंकलित तथ्याङ्क प्रदेश र संघीय तालुक निकायहरुमा पठाउने,
- आफ्नो कमाण्ड क्षेत्रभित्र कृषिउद्यम तथा व्यवसाय सन्चालन गर्न चाहनेहरुकोलागि व्यवसाय विकास सेवा उपलव्ध गराउने,
- किसानकल सेन्टर स्थापना तथा संचालन गर्ने,

मनिषा पौडेल
वरिष्ठ कृषि प्रसार अधिकृत

डा. अनिता पाण्डे
कार्यालय प्रमुख

प्रदेश सरकार
भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
पाल्पा

- समग्र कृषि विकासको विषयमा प्रदेश र स्थानीय तह बीच पुलको काम गर्ने ।

५. कृषि ज्ञान केन्द्र, पाल्पाको स्वीकृत कर्मचारी दरबन्दी:कर्मचारी दरबन्दी विवरण

| सि.नं | पद | श्रेणी/तह | सेवा | समूह | दरबन्दी | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख | नवौ/दशौ | नेपाल कृषि | समुहकृत नहुने | १ | १ | ० | |
| २ | कृषि प्रसार अधिकृत | सातौ/आठौ | नेपाल कृषि | कृषि प्रसार | २ | १ | १ | |
| ३ | बागवानी विकास अधिकृत | सातौ/आठौ | नेपाल कृषि | वागवानी | १ | १ | ० | |
| ४ | वाली संरक्षण अधिकृत | सातौ/आठौ | नेपाल कृषि | वाली संरक्षण | १ | ० | १ | |
| ५ | योजना अधिकृत | सातौ/आठौ | नेपाल कृषि | एग्री इको एण्ड मार्केटिंग | १ | १ | ० | |
| ६ | प्रा.स. | पाचौ/छैटौ | नेपाल कृषि | वाली संरक्षण | १ | १ | ० | |
| ७ | प्रा.स. | पाचौ/छैटौ | नेपाल कृषि | कृषि प्रसार | १ | ० | १ | |
| ८ | प्रा.स. | पाचौ/छैटौ | नेपाल कृषि | वागवानी | १ | १ | ० | |
| ९ | ले.पा. | पाचौ/छैठौ | प्रशासन | लेखा | १ | १ | ० | |
| १० | खरिदार | चौथो/पाचौ | प्रशासन | सा.प्र. | १ | १ | ० | |
| ११ | ह.स.चा. | श्रेणिविहिन | प्रशासन | सा.प्र. | १ | ० | १ | करारमा नियुक्त गरिएको |
| १२ | का.स. | श्रेणिविहिन | प्रशासन | सा.प्र. | ३ | १ | २ | २ जना का.स. करारमा नियुक्त गरिएको |
| | जम्मा | | | | १५ | ९ | ६ | |

६. कृषि ज्ञान केन्द्र, पाल्पाको शाखा र जिम्मेवार अधिकारीः-

| सि.नं. | शाखा | जिम्मेवार अधिकारी तथा शाखामा कार्यरत कर्मचारी |
|---|---|---|
| १ | विशेषज्ञ सेवा शाखा | श्री मनिषा पौडेल, (व.कृ.प्र.अ अधिकृत आठौं) |
| २ | तालिम तथा प्रसार शाखा | श्री सुरज पाण्डेय (प्रा.स.पाचौ) |
| ३ | अध्ययन परिक्षण तथा तथ्याङ्क शाखा | श्री मातिवर यादव (कृषि अर्थ विज्ञ अधिकृत सातौं) |
| ४ | आर्थिक प्रशासन शाखा | श्री सन्तोष आचार्य , लेखापाल,(पाचौं) |
| ५ | प्रशासन शाखा | श्री बोम बहादुर काम्मु,(स. चौथो) |

मनिषा पौडेल
वरिष्ठ कृषि प्रसार अधिकृत

अमिता पाण्डे
कार्यालय प्रमुख

७. कृषि ज्ञान केन्द्र, पाल्पाबाट आ. व.२०८०।८१ मा विनियोजित बजेट

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
पाल्पा

| क.सं | बजेट उपशिर्षक नं | कार्यक्रमको नाम | बजेट | | |
|---|---|---|---|---|---|
| | | | पुजीगत | चालु | जम्मा |
| १ | ३१२०१०१६ | साधारण | ९०० | १९३९९ | २०२९९ |
| २ | ३१२०००१२ | कृषि उत्पादन, बजारीकरण, नियमन, प्रविधि प्रसार कार्यक्रम | ० | १६५७६ | १६५७६ |
| ३ | ३१२००९०४ | सहकारी तथा गरीबी निवारण कार्यक्रम | ० | ८५० | ८५० |
| ४ | ३१२९११२४ | कृषि विभाग(संघ शसर्त अनुदान) | ० | १००० | १००० |
| जम्मा | | | ९०० | ३७८२५ | ३८७२५ |

मनिषा पौडेल
बरिष्ठ कृषि प्रसार अधिकृत

अमिता पाण्डे
कार्यालय प्रमुख

## ८ कृषि ज्ञान केन्द्र, पाल्पाबाट आ. व.२०८२।८३ मा संचालित कार्यक्रमहरुको कार्यान्वयन अवस्था

लुम्बिनी प्रदेश सरकार
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
पाल्पा

| क्र.सं. | कार्यक्रमको नाम | कार्यान्वयन अवस्था | कैफियत |
|---|---|---|---|
| १ | बीउ आत्मनिर्भर कार्यक्रम | यस कार्यक्रमको लागी रु ३ लाख २० हजार बिनियोजन भएको छ ।२ पटक सम्म पनि सूचना प्रकाशन गर्दा १ वटा प्रस्ताव पेश हुन आएको छ ।सम्झौताको क्रममा रहेको । | |
| २ | महिला लक्षित उन्नत किट वितरण कार्यक्रम | महिला लक्षित उन्नत सिडकिट वितरण कार्यक्रमका लागी रु. २ लाख ४० हजार विनियोजित भएको छ ।यो मध्ये पहिलो र दोस्रो त्रैमासिकमा कृषि ज्ञान केन्द्रले जिल्लाका १० वटै स्थानीय तहका अगुवा महिला कृषकहरुलाई हिउदे तथा तरकारी बालीका उन्नत जातका तरकारी बीउ करिब ५०० सेट बितरण गरीएको छ। यसबाट कृषकहरुलाई मौसमी तथा बेमौसमी तरकारी उत्पादन गरी बेचेर आम्दानी गर्नुका साथै भान्सामा प्रयोग गरेर पोषणमा समेत सुधार भएको छ। महिला लक्षित कार्यक्रम भएको हुदाँ पिछडिएर रहेका महिला कृषकहरुमा तरकारी बीउ बितरण हुदा निकै खुशी भएका छन् र यस प्रकारको कार्यक्रम निरन्तर संचालन हुनु पर्ने माग गरीरहेका छन्।यस कार्यक्रमबाट करिब ५०० घरधुरीका महिला कृषकहरु लाभान्वित भएका छन्। | |
| ३ | सिंचाई सहित कृषि विकास कार्यक्रम | यस कार्यक्रमको लागी बजेट रु. ४५ लाख बिनियोजिन भएको छ ।यसको लागि कार्यालयले २ पटक सम्म सूचना आवहान गरेर ४२ वटा निवेदन स्कलन भएको साथै फिल्ड अनुगमन पनि सकिएको छ ।कृषकहरुको विभिन्न किसिमको माग रहेको पाइयो ।जस्तै सिचाई कुलो, पाइप, प्लाष्टिक पोखरी, सिमेन्टेड पोखरी, मोटर, पम्पसेट आदी । | |
| ४ | माटो व्यवस्थापन कार्यक्रम | माटो व्यवस्थापन कार्यक्रमका लागी रु ३ लाख २० हजार बिनियोजित बजेट रहेको । यस कार्यक्रमबाट माटोको गुणस्तर सुधार गर्नुको साथ साथै बालीनालीको उत्पादन तथा उत्पादकत्वमा सुधार ल्याउने अपेक्षा गरीएको छ। | |
| ५ | बाली वस्तु विशेष सघन व्यवसायिक उत्पादन क्षेत्र विकास कार्यक्रम(तरकारी र सुन्तलाजात फलफुल) | यस कार्यक्रमको लागी रु. ६ लाख ४० हजार बजेट बिनियोजित भएको छ ।यस कार्यक्रमको लागि सूचना प्रकाशन गर्दा कुनै पनि आवेदन प्राप्त भएको छैन । | |
| ६ | लक्षित समुदाय विशेष आय आर्जन कार्यक्रम | यस कार्यक्रमको लागी रु. ५ लाख ८० हजार रकम बिनियोजित गरीएको छ।यसका दागि सूचना प्रकाशन गरि फिल्ड अनुगमन गरेर आवश्यक कृषि सामाग्रीको अन्तिम चरणमा पुगेको छ । यसबाट गरीब कृषकहरु लाभान्वित हुनेछन् ।कृषकहरु लाभान्वित भई आयआर्जनमा टेवा पुगेको हुनेछ । | |
| ७ | विभिन्न बालीका जातका उत्पादन प्रदर्शन | चालु आ.व.मा विभिन्न बालीका जातका उत्पादन प्रदर्शन कार्यक्रमको लागी रु.३लाख विनियोजन भएको छ । प्रदर्शन कार्य ३० वटा सम्पन्न भएको मध्ये गहुँ १०, तोरी १० र मसुरो १० गरेर जम्मा ३० वटा कृषकको खेतमा प्रदर्शन गरिएको छ । | |
| ८ | स्थानीय तहका प्राबिधिकहरुसंग अन्तरक्रिया गोष्ठी | आ.ब. २०८२।०८३मा २ वटा स्थानीय तहका प्राबिधिकहरुसंग अन्तरक्रिया गोष्ठी राखिएको छ ।१ पटक सम्पन्न भैसकेको छ । यसबाट कार्यक्रम संचालनमा सहजिकरण हुने, समन्वय हुने र पार्दर्शिता कायम हुने भएकोले कृषि ज्ञान केन्द्र र स्थानीय तहको कार्यक्रम संचालनमा निकै सहजता आएको छ। | |
| ९ | रैथाने बालीको प्रवर्द्धन | यस कार्यक्रमको लागी रु. ३ लाख २० हजार बजेट बिनियोजित भएको छ ।यस कार्यक्रमको लागि सूचना प्रकाशन गर्दा १ वटा निवेदन प्राप्त भएको। अनुगमनको चरणमा रहेको छ । | |

मनिषा पौडेल
कृषि प्रसार अधिकृत

[illegible]ता पाण्डे
कार्यालय प्रमुख

- कृषकहरुको आवश्यकता तथा चाहना अनुसारको माग अनुसारको प्राविधिक सेवा प्रदान गरिएको।

१२ सार्वजानिक निकायको वेभसाईट भए सोको विवरणः

- वेभसाईटः http://akcpalpa.lumbini.gov.np/
- ईमेलः akcpalpa@gmail.com
- फोन नः ०७५-५२०१४४, ०७५-५२०२९४, ९८५७०६५२९४, ९८५७०६५००६

१३ सार्वजानिक निकायले प्राप्त गरेको वैदेशिक साहायता, ऋण, अनुदान एंव प्राविधिक सहयोग र सम्झौता सम्बन्धि विवरण

- नभएको

१४ सार्वजानिक निकायले संचालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन

- मन्त्रालय तथा मातहतका निकायमा पठाईएको साथै वेभसाईटमा प्रकाशन गरिएको।

१५ सार्वजानिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधिः

- नभएको


१६ सार्वजानिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण

- हाल सम्म लिखितरुपमा सूचना माग भई नआएको

१७ सार्वजानिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण

- वेभसाईटः http://akcpalpa.lumbini.gov.np/

<u>कार्यालयका गुनासो पेटिका</u>




मनिषा पौडेल
वरिष्ठ कृषि प्रसार अधिकृत

अमिता पाण्डे
कार्यालय प्रमुख